आज मिति २०७७ साल जेष्ठ १६ गते शुक्रवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपशिल बमोजिम कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | अनुपस्थित |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | अनुपस्थित |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | अनुपस्थित |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | अनुपस्थित |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत (प्रि.) | श्री बाबुराम के.सी. | |
| २१ | इन्जिनियर | श्री गजेन्द्र कुमार राई | |
| २२ | सहयोगीकर्मचारी | श्री डिल्ली बहादुर बस्नेत | |

२०७७/२/१६

प्रमुख प्रशासकीय अधिकृत

२०७७/२/१६

अशोक राई

प्रस्तावहरु:-

१. **प्रदेश सरकारसँग योजना माग सम्वन्धमा ।**
२. थाम डाँडा सभा हल डिपिआर सम्वन्धमा ।
३. आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्वन्धमा ।
४. खोपकेन्द्र भवन निर्माण स्थान सम्वन्धमा ।
५. कृषि तथा पशुसेवा करार कर्मचारी तलव सम्वन्धमा ।
६. विषयगत समितिको वैठक सम्वन्धमा ।
७. गा.पा. राष्ट्रिय महासंघ सदस्यता शुल्क सम्वन्धमा ।
८. वर्थिङ सेन्टर-रात्रीसेवा भत्ता सम्वन्धमा ।
९. ग्याबलिङ तारजाली उपलव्ध सम्वन्धमा ।
१०. आर्थिक सहायता सम्वन्धमा ।
११. मानव सेवा आश्रमलाई सेवा वापतको रकम भुक्तानी सम्वन्धमा ।

निर्णयहरु:-

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आ.व. २०७७/०७८ का लागि प्रदेश सरकार, प्रदेश नं १ सँग तपशिल वमोजिमका कार्यक्रम र वजेट माग गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.न. | कार्यक्रमको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | थिदिङ्खा वालांखा वयाङ घोरेटार | ८० करोड | डिपिआर सम्पन्न |
| २ | थामडाँडा पर्यटन पुर्वाधार विकास कार्यक्रम | ३ करोड | डिपिआर सम्पन्न |
| ३ | वडा कार्यालय भवन आमचोक ६ | १ करोड | |
| ४ | एखुवा खोला पक्की पुल आमचोक ८ र हतुवागढी गा.पा. ९ जोड्ने पक्की पुल | ३ करोड | डिपिआर प्रदेश सरकारवाट भैसकेको । |
| ५ | एखुवा खोला आमवोटे पक्कीपुल आमचोक ५ र ९ | ३ करोड | डिपिआर र निर्माण गर्नु पर्ने । |
| ६ | एखुवाखोला महादेवस्थान पक्की पुल आमचोक ३ | ३ करोड | डिपिआर र निर्माण गर्नुपर्ने |
| ७ | एखुवा खोला चिसापानी पक्की पुल आमचोक ७ र ९ | ३ करोड | डिपिआर तथा निर्माण गर्नपर्ने |
| ८ | बुवा खोला महादेवस्थान पक्की पुल आमचोक १र३ | ३ करोड | डिपिआर र निर्माण गर्नुपर्ने । |
| ९ | शीत भण्डार गृह निर्माण आमचोक ४ | २ करोड | |
| १० | वालांखा खेलकुद मैदान निर्माण आमचोक ४ | | डिपिआर भै सकेको |
| ११ | वयाङ पावला आमवोटे दुम्माना सडक स्तरोन्नती | ७ करोड | |
| १२ | छौंखा सांकेवा पार्क निर्माण | ५ करोड | डिपिआर भै सकेको |
| १३ | दाक्वुराङ वनस्पति उद्यान निर्माण आमचोक २ | १ करोड | संघिय सरकारवाट प्राप्त वजेटवाट पहिलो वर्ष काम |



२०७७/२/१६
प्रमुख प्रशासकीय अधिकृत

२०७७/२/१६
अशोक राई

| | | | |
|---|---|---|---|
| | | | सुरु भएको |
| १४ | किवि व्लक कार्यक्रम आमचोक १ | ५० लाख | |
| १५ | छावा खोला सिचाँइ आयोजना आमचोक ७ | १ करोड | |
| १६ | एखुवाखोला साना जलविद्युत आयोजना | १६ करोड | प्रदेश सरकारवाट डिपिआरका लागि वजेट राखिएको । |
| १७ | वडा कार्यावय भवन आमचोक २ | | |
| १८ | स्वास्थ्य कार्यालयको भवन आमचोक ३ | ४० लाख | |
| १९ | स्वास्थ्य कार्यालयको भवन आमचोक १ | ४० लाख | |
| २० | वालांखा कभर्ड हल निर्माण आमचोक ४ | १ करोड ५० लाख | |
| २१ | वालांखा वजार विस्तार तथा व्यवस्थापन डिपिआर र निर्माण | ५ करोड | |
| २२ | सुरक्षित आवास गृह (Safe House) निर्माण | ५० लाख | |
| २३ | माखुखोला सिचाइ योजना आमचोक १० | ३० लाख | |
| २४ | लसुने खोला सिचाँइ योजना आमचोक ९ | ३० लाख | |
| २५ | चिया खेति विकास तथा प्रशोधन कार्यक्रम | १० करोड | |

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै आमचोक गाउँपालिका वडा नं २ स्थित थामडाँडामा सभाहल निर्माणका लागि स्थानिय पुर्वाधार साझेदारी कार्यक्रमवाट प्राप्त भएको वजेट थामडाँडा सभाहल निर्माणका लागि डिपिआर तयारका लागि खर्च गर्ने, यसका लागि संघिय प्रतिनिधि सभा सदस्य-माननीय श्री सुदन किरातीज्यूलाई स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रानुसार आधारभुत स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्वन्धमा विषयको पत्रानुसार **स्थानिय तहमा स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा संचालन खर्च क्रियाकलापका लागि** आमचोक गाउँपालिकाका ७ र ९ नं वडामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्ने प्रति संस्था ५,००,०००|- पाँच लाखका दरले रु १०,००,०००|- दश लाख- र आधारभुत स्वास्थ्य केन्द्र -२ निर्माणका लागि कुल लागत अनुमानको ३५ प्रतिशतले हुन आउने रकम रु २७,२०,०००|- सत्ताइस लाख विस हजार- गरी कुल ३७,२०,०००|- सैतिस लाख विस हजार- चालु आ.व. २०७६/०७७ का लागि अर्थ मन्त्रालय मार्फत वित्तिय हस्तान्तरण भै प्राप्त भएको शशर्त अनुदानको वजेट कार्यान्वयन गर्न **आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण**का लागि वहुवर्षिय इविडिङ मार्फत ठेक्का खोल्ने र आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न सम्वन्धित वडाहरु ७ र ९ मा तपशिल वमोजिमका शिर्षकमा खर्च गरि स्वास्थ्य सेवा प्रवाह गर्ने निर्णय गरियो ।

तपशिलः

क. स्वास्थ्य चौकी घरभाडा ।

ख. आवश्यकिय फर्निचर लगाएतका भौतिक सामान खरिद र निर्माण ।

ग. आधारभुत औषधी तथा सर्जिकल उपकरण खरिद र व्यवस्थापन ।

घ. आवश्यकिय स्टेशनरी सामान खरिद र छपाई ।

ङ. आवश्यकता अनुसार दैनिक ज्यालादारीमा खटाइने स्वास्थ्य कर्मचारी तलव/ज्याला भुक्तानी ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

२०७७।२।१६ अधिकृत २०७७।२।१६ अशोक राई

४. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै संघिय सरकारको शसर्त अनुदान शिर्षकमा "खोप केन्द्रको निर्माण' को स्थल वडा नं १० स्थित रोल्लामा तोकि निर्माण गर्ने निर्णय गरियो ।

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै संघिय सरकारवाट शसर्त अनुदान शिर्षकवाट तलव भत्ता खाने गरि करार सम्झौता भै साविकवाट नै आमचोक गाउँपालिका कृषि तथा पशुसेवा शाखामा कार्यरत तपशिल वमोजिमका कर्मचारीको मासिक तलव हाल सम्म प्राप्त भै नसकेको हुँदा यसपछि प्राप्त भएमा शोधभर्ना गर्नेगरि अन्यथा गा.पा. कर्मचारी तलव शिर्षकमा विनियोजित वजेटवाट नै हुनेगरि तलव भुक्तानीको व्यवस्था गर्ने निर्णय गरियो ।

क. हेमराज प्रधान

ख. पुजन राई

ग. सिताराम नेपाल

घ. ईश्वर प्रसाद राई

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै आमचोक गाउँकार्यपालिकाको विषयगत समितिको समिक्षा वैठक साथै वार्षिक योजना तथा तर्जुमा सम्वद्ध समितिको वैठक तपशिल वमोजिमको मितिमा गर्ने निर्णय गरियो ।

**तपशिलः**

| **कार्यपालिकाको विषयगत समिति** | **वैठक मिति** |
|---|---|
| क. आर्थिक विकास समिति | २०७७/०२/१९ गते |
| ख. सामाजिक विकास समिति | २०७७/०२/१९ गते |
| ग. भौतिक पूर्वाधार विकास समिति | २०७७/०२/२१ गते |
| घ. वातावरण तथा विपद व्यवस्थापन समिति | २०७७/०२/२१ गते |
| ङ. संस्थागत विकास तथा सेवा प्रवाह र शुसासन समिति | २०७७/०२/२१ गते |
| **वार्षिक योजना तथा तर्जुमा सम्वद्ध समिति** | |
| च. स्थानिय राजस्व परामर्श समिति | २०७७/०२/२३ गते |
| छ. श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | २०७७/०२/२६ गते |

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै गाउँपालिका राष्ट्रिय महासंघ नेपालको पत्रानुसार सदस्यता शुल्कवापतको रकम रु २०,०००।- विस हजार- महासंघलाई प्रदान गर्ने निर्णय गरियो ।

८. उपरोक्त प्रस्ताव नं ८ माथि छलफल भै विगतवाट विभिन्न स्वास्थ्य संस्थामा रात्रि सेवामा काम गरेको अवस्थामा भत्ता दिने भनि राष्ट्रियस्तरमा नै निर्णय भै अगाडि देखि नै कार्यान्वयन भए वमोजिम आमचोक गाउँपालिकाका वर्थिङ सेन्टरहरुमा काम गर्ने स्वास्थ्य सेवाका कर्मचारीहरुलाई यसरी काम गरेको अभिलेखको आधारमा खटिने प्रति कर्मचारी प्रति रात रु १५० का दरले रात्रि सेवा भत्ता प्रदान गर्ने , अभिलेख एंव प्रति रात्रि सेवाको काम गणनाको आधार विरामी भर्ना भएको दिनको रात र डिस्चार्ज भएको दिन अघिको रातलाई मानिने साथै निर्णय भएको मिति अघि रात्रि सेवाको काममा खटिए वापतको भत्ता समेत यसै गणनालाई आधारमानि चालु आ.व. २०७६/०७७ को श्रावण १ वाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई

९. उपरोक्त प्रस्ताव नं ९ माथि छलफल भै वालांखा कार्की गाउँ फुइताङ रागातुङ चण्डीथान सडक (कार्की गाँउ खण्ड) गाविङ वाल निर्माणका लागि रु १०,००,०००।०० दश लाख- वजेट गाउँपालिकाको गाउँसभावाट आव २०७६/०७७का लागि विनियोजन भएकोमा उक्त वजेट न्युन भएकोले गाविङ तारजाली खरिद गर्ने रकम

अभाव भएको र आवश्यक तारजालीको व्यवस्थापनका लागि ४ नं वडा कार्यालयवाट माग भै आएको हुँदा गाउँपालिकामा मौजात तारजाल प्राविधिक स्टिमेट अनुसारको परिमाणमा उपलव्ध गर्ने निर्णय गरियो ।

१०. उपरोक्त प्रस्ताव नं १० माथि छलफल भै आमचोक गाउँपालिका वडा नं १० मा स्थायि वसोवास गर्ने प्रसाद राईको छोरा वसन्त राई खुट्टाको क्यान्सर रोगवाट पिडित भै उपचाररत रहेकोमा निजको आर्थिक अवस्था न्यून भएको हुँदा आर्थिक सहयोगका लागि माग भए वमोजिम रु १०,०००।- दश हजार- सहयोग गर्ने निर्णय गरियो ।

११. उपरोक्त प्रस्ताव नं ११ माथि छलफल भै आमचोक गाउँपालिका न्यायिक समिति र मानव सेवा आश्रम विराटनगरवीच भएको सम्झौता अनुसार आमचोक गाउँपालिका वडा नं ६ मा भेटिएकी मानसिक रुपमा विरामी रहेकी अन्दाजि वर्ष-५० की हिंसा पिडित महिला सप्तलक्ष्मी राईलाई मानव सेवा आश्रमको सुरक्षा, रेखदेख, हेरचाह **एवं** उपचार सेवा प्रदान गरि मिति २०७७-०१-१५ गतेवाट १ वर्षका लागि राखिएकोमा उक्त सेवा आश्रम मार्फत भएको सेवा प्रवाहवाट सृजना भैरहेको आर्थिक दायित्व वापतको रकम एकमुष्ट वार्षिक रु ६०,०००।- साठी हजार- आमचोक गाउँपालिका आ.व २०७६/०७७ को महिला लक्षित कार्यक्रमको स्वीकृत प्रस्ताव अनुसार खर्च हुन नसकेको वजेटवाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमाणित गरिन्छ

२०७७।२।१६

प्रमुख प्रशासकीय अधिकृत

२०७७।२।१६

आमचोक राई
अध्यक्ष